दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २४१ | बुटवल | २०८२ भदौ १० गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday August 26, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**बालअधिकार सुनिश्चित गरौं**

**बालअधिकार:**
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार,
- हिंसा र शोषणबाट जोगिने अधिकार,
- अभिव्यक्ति र सहभागिताको अधिकार,
- माया, स्नेह र संरक्षण पाउने अधिकार,
- खेल र मनोरञ्जनको अधिकार ।

**त्यसैले,**
- बालश्रम अन्त्य गरौ,
- सबै बालबालिकालाई विद्यालय पुन्याऔं
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौ,
- बालमैत्री समाजको निर्माण गरौ ।

**आजका बालबालिका भोलिका कर्णधार ।**

नेपाल सरकार विज्ञापन बोर्ड

# इम्बोस्ड नम्बर प्लेटको चौतर्फि विरोध

**धेरैले यो व्यवस्था आवश्यक नै नभएको र यसभित्र अबौं कमिसनको खेल भएको आरोप लगाइरहेका छन् भने कतिपयले तत्काल सम्भव र व्यवहारिक नदेखिएकाले भविष्यमा लागू गर्न सकिने बताएका छन् ।**










**लुम्बिनी संवाददाता**

*बुटवल*

सरकारले आगामी असोज १ देखि अनिवार्य गर्न लागेको इम्बोस्ड नम्बर प्लेटको विपक्षमा संसददेखि सडकसम्म आवाज उठेको छ । धेरैले यो व्यवस्था आवश्यक नै नभएको, नेपाली मातृ भाषा नामेट गर्न खोजेको र यसभित्र अबौं कमिसनको खेल भएको आरोप लगाइरहेका छन् भने कतिपयले तत्काल सम्भव र व्यवहारिक नदेखिएकाले भविष्यमा लागू गर्न सकिने बताएका छन् ।

सबैभन्दा पहिले २०७९ जेठ २४ गते प्रतिनिधिसभा बैठकमा तत्कालीन एमाले सांसद भिम रावलले इम्बोस्ड नम्बर प्लेटमा तीन अर्बदेखि चार अर्ब रुपैयाँसम्म घोटाला हुनसक्ने आशंका व्यक्त गरेका थिए ।

'अहिले हाम्रो देशमा जुन यो गाडीमा इम्बोस्ड नम्बर प्लेट राख्ने कुरा छ । के नेपाल सरकारले जति बेला ठेक्का लगायो त्यो ठेक्का लगाउँदा त्यो ठेकेदार विश्वबैंकले कालोसूचीमा राखेको कम्पनी छ । त्यो बेला र अहिलेको त्यो रकम हेरौं झन्डै त्यसमा तीन, चार अर्ब रुपैयाँको त घोटाला हुने जस्तो देखिन्छ' उनले भनेका थिए ।

संविधान अनुरुप सरकारी कामकाजको भाषा नेपाली हुनुपर्ने भए पनि सो मर्म बमोजिम नभई इम्बोस्ड नम्बर अंग्रेजी भाषामा गरिएको प्रति उनले असन्तुष्टि व्यक्त गरेका थिए ।

'हाम्रो संविधानको धारा ७ बमोजिम देवनागरी लिपीमा नेपाली भाषा सरकारी कामकाजको भाषा हुने भनेको छ अनि सरकारले निर्णय गर्दा नेपाली भाषाको प्रयोग गर्नुपर्ने होइन र ?' उनले प्रश्न गरेका थिए ।

नेता रावलले विदेशी कम्पनीलाई बायोमेट्रिक गर्न दिन नहुने पनि बताएका थिए ।

चार दिन अघि प्रतिनिधिसभा बैठकमा रुपन्देही ५ का सांसद बासुदेव घिमिरेले तत्काल यो नियम सम्भव र व्यवहारिक नभएकाले एक वर्ष पछि मात्र लागु गर्न सकिने धारणा राखे । उनले नेपालमा करिब ६ लाख सवारी साधन रहेकामा हाल ९० हजारमा मात्र इम्बोस्ड नम्बर जडान भएकाले बाँकी ५ लाख १० हजार सवारी साधनमा यति छोटो समयमा जडान सम्भव नभएकाले सर्वसाधारणले सास्ती पाउने भएकाले अर्को आर्थिक वर्षदेखि गर्नुपर्ने सुझाव राखे । इम्बोस्ड नम्बरमा ठोक्किएर सानो क्षति हुँदा पनि चिप्सको डाटा मेटिने, बिग्रने, कर बुझाउँदा पुरानै नम्बरमा हुने भएकाले भरपर्दो पूर्वाधार र जनशक्ति व्यवस्थापन गरेर मात्र लागु गर्न उपयुक्त हुने उनको सुझाव छ ।

एमाले सांसद बासुदेवले संसदमा बोलेको तीन दिनपछि सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालले इम्बोस्ड नम्बर प्लेट जडान नगर्न सार्वजनिक आह्वान गरेको छ । सोमबार विज्ञप्ति जारी गर्दै महासंघले अव्यावहारिक विषयहरू संशोधन नगरेसम्म इम्बोस्ड नम्बर प्लेट जडान नगर्न आग्रह गरेको हो ।

विज्ञप्तिमा भनिएको छ-'सरकार, प्रत्यक्ष सरोकार पक्षहरूबिचको छलफल संवादबिच देखिएका अव्यावहारिक विषयहरूको संशोधन सुधारविना सार्वजनिक, पर्यटन र ढुवानी, निजी प्राइभेट सम्पूर्ण यातायात क्षेत्रको तर्फबाट सो इम्बोस्ड नम्बर प्लेट जडान नगर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।'

जबर्जस्ती प्लेट जडान गर्न खोजिए हुने विरोध र दबाबका गतिविधिप्रति स्वयं यातायात मन्त्रालयमातहतका निकाय नै जवाफदेही हुने महासंघले चेतावनी दिएको छ ।

नेपाली भाषाको देवनागरी लिपि लोप हुने तथा आवश्यक पूर्वाधारविना नै नागरिक र सिंगो यातायात व्यवसायमा आर्थिक भार हुने गरी एकपक्षीय रूपमा भएको सरकारको निर्णयका कारण नेपालीको सम्पूर्ण विवरण विदेशीको नियन्त्रणमा रहने र राष्ट्र नै कमजोर हुने महासंघको ठहर छ ।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता एवं सांसद विराजभक्त श्रेष्ठले पनि इम्बोस्ड नम्बर प्लेट अनिवार्य गर्ने निर्णयको कडा आलोचना गरेका छन् । यो निर्णयलाई उनले जनतामाथिको अर्को अन्याय र जनभावनाविपरीतको कदमको संज्ञा दिएका छन् ।

'तयारी नै नगरी बलजफ्ती रूपमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट लागू गर्ने निर्णय जनतामाथि गरिएको अर्को अन्याय हो,' उनले सामाजिक सञ्जाल एक्समा लेखेका छन्-'नागरिकलाई लाइसेन्स वितरण गर्न नसकेको सरकारले अब पुनः पूर्वाधार, प्राविधिक तयारी र नेपाली भाषा-लिपिको संवेदनशीलता नहेरी जबरजस्ती निर्णय लागू गर्नु जनभावनाविपरीत कदम हो ।'

सरकारले आगामी असोजदेखि देशभरका सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गर्ने निर्णय गरेको छ । यो निर्णयअनुसार असोज एक गतेदेखि सबै यातायात व्यवस्था कार्यालयबाट सवारी दर्ता, नामसारी र नवीकरण गर्दा इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्नेछ ।

सामाजिक सञ्जाल प्रयोगकर्ता गुरुदेव खनालले इम्बोस्ड नम्बर प्रणाली सुधार कि शोषण हो ? भन्ने प्रश्न गरेका छन् । उनका अनुसार विश्वका धेरै मुलुकहरूले यस्तो प्रणाली अपनाउनुको उद्देश्य कारबाहीमा पारदर्शिता ल्याउनु, गाडी चोरी नियन्त्रण गर्नु र सवारी व्यवस्थापनलाई सबल बनाउनु हो तर नेपालमा यसको कार्यान्वयन तरिका र त्यससँग जोडिएका गतिविधिहरूले सर्वसाधारणलाई शंका र असन्तोषमा पुऱ्याएको छ ।

एउटा सवारी साधन किन्दा लगभग लागत मूल्यको सबै कर मिलाउदा १३० प्रतिशतसम्म कर बुझाउनु पर्छ, अहिले इम्बोस्ड नम्बर अनिवार्य गर्दा देशमा आर्थिक स्थिति कमजोर भएको अवस्थामा यो अतिरिक्त करले जनतालाई मार पर्छ ।

'इम्बोस्ड नम्बर राख्न विदेशी कम्पनीलाई ठेक्का दिएपछि आर्थिक घोटाला भएको आरोप बाहिर आएको छ । यो नेताहरुलाई आउँदै गरेको चुनावको जोहो गर्न कमाउ धन्दा हो, यसरी कमिसन जम्मा गरेर जनता माथि खेलवाड गरिदै छ ।'-उनले लेखेका छन् । इम्बोस्ड नम्बरमा अंग्रेजी नम्बर र नाम हुँदा सबैले बुझ्न कठिन हुन्छ र झन् यसलाई तोडमोड गरेर अपराधिक गिरोहले दुरुपयोग गर्न सक्छन् । डिजिटल भए पनि त्यो स्क्यान गर्न र हेर्न नमिले पछि उनीहरुलाई भाग्न सजिलो हुन्छ ।'

नाम र नम्बर विदेशी प्रयोग गर्नु नेपाली भाषा र संस्कृति प्रतिको अघोषित प्रहार भएको उनको तर्क छ ।

राम्ररी कडाइ गर्ने हो अहिलेकै नम्बर प्लेट प्रणालिबाट पनि बद्मासी नियन्त्रण गर्न सकिने भएकाले यो नाच्न नजान्ने आँगन टेढो र जनतालाई झुक्काउने खेल भएको ले यसप्रति घोर विरोध गर्नुपर्ने उनले बताए ।

खनालले जनतालाई सजिलो, किफायती, स्वदेशमै सम्भव हुने समाधान ल्याउन माग गर्दै अन्यथा यो प्रविधि सबै मिलेर अस्वीकार गर्नुपर्ने बताउँछन् ।

जाग नेपाली अभियानले देवनागरी लिपीको नेपाली भाषालाई समाप्त पार्ने खेलअन्तर्गत सरकारले इम्बोस्ड नम्बर प्लेट जडानको लागि उर्दी जारी गरेको भन्दै आपत्ति जनाएको छ । काठमाडौंमा पत्रकार सम्मेलन गर्दै जाग नेपालीका संयोजक डा.दिपेश केसीले देवनागरी लिपीलाई मेटाएर जात, जाति, भाषा भाषी समुदायलाई छिन्नभिन्न पार्ने खेल भइरहेको बताए ।

इम्बोस्ड नम्बर जडानको सन्दर्भमा राज्यका जिम्मेवार निकायमा रहेकाहरुलाई नै प्रभावित पारिएको र अरबौं कमिशनको खेल भएको जाग नेपाली अभियानको ठहर छ । 'दसैंको मुखमा पारेर चालिएको यो कदम इतिहासकै ठूलो राष्ट्रघात हो ।'- जाग नेपाली अभियानले भनेको छ ।

रोमन लिपिको इम्बोस्ड नम्बर प्लेट बहिष्कार गरी जडान अवज्ञा गर्नसमेत अपिल गरिएको छ । जाग नेपाली अभियानले इम्बोस्ड नम्बर लागू गराउने निर्णयको विरुद्धमा विभिन्न संघर्षका कार्यक्रमहरु पनि सार्वजनिक गरेको छ । संघर्षका कार्यक्रमअन्तर्गत भदौ ९ र १० गते विभिन्न राजनीतिक दल र संघसंस्थालाई ज्ञापनपत्र बुझाउने, ११ गते समाजका विभिन्न संस्था र व्यक्तित्वहरुसँग परामर्श र भाद १३ गते थप आन्दोलनका कार्यक्रम घोषणा गरिने छ ।

यसैगरी, अधिवक्ता रामेश्वर राउतले इम्बोस्ड नम्बर लागू गराउने क्रममा ५ खर्ब, ४५ अर्ब ५५ करोड रुपैयाँ राज्यकोष हिनामिना भएको दाबी गरे । २ सयमा बन्ने मोटरसाइकलको नम्बर प्लेटलाई ३ हजार ५ सय र २ सय ५० मा बन्नेलाई ६ हजार ५ सय निर्णय गरिएको उनले बताए ।

शिक्षक एवं बुद्धिजीवि राजेन्द्र कुँवरले इम्बोस्ड नम्बरको कुरा सिधा घुस , कमिसन र दलालीसँग जोडिएको दाबी गर्दै यसको खुलेर प्रतिकार र अस्वीकार गर्न आवश्यक रहेको बताएका छन् ।

। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले इम्बोस्ड नम्बर प्लेट जडान ठेक्कामा अर्बौं रुपैयाँ घोटाला भएको आशंकामा गत वर्ष भुक्तानी विवरण मागेको थियो ।

चार अर्ब ७८ करोड ७७ लाख रुपैयाँको ठेक्कामा आधाभन्दा बढी अनियमितता भएको आशंका गर्दै परेको उजुरीमा अख्तियारले गत वर्षको फागुन १ गते यातायात व्यवस्था विभागलाई पत्राचार गरी ठेक्का रकम भुक्तानी विवरण मागेको थियो ।

सरकारले २०७३ जेठ १७ मा ६० महिना (२०७८ जेठ १८ सम्म) भित्र २५ लाख सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्न 'डेकाटुर टाइगर आइटी' कम्पनीसँग चार अर्ब ७८ करोड ७७ लाख रुपैयाँ (चार करोड ३७ लाख ८७ हजार पाँच सय अमेरिकी डलर) मा बुट मोडलमा सम्झौता गरेको थियो ।

## थुनामा राख्ने जिल्लाको आदेशविरुद्ध रवि उच्च अदालतमा

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थुनामै पठाउने जिल्ला अदालत रुपन्देहीको आदेशविरुद्ध उच्च अदालतमा रिट निवेदन दर्ता भएको छ । जिल्ला अदालत रुपन्देहीका न्यायाधीश नारायणप्रसाद सापकोटाको इजलासले लामिछानेलाई थुनामै राखेर अनुसन्धान अघि बढाउन आदेश जारी गरेको थियो । उक्त आदेशविरुद्ध सोमबार उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा रिट निवेदन दर्ता भएको हो ।

बुटवलको सुप्रिम सहकारी ठगी अभियोगमा लामिछाने गत चैत २५ देखि कारागारमा छन् । हाल नख्खु कारागारमा रहेका लामिछानेको पछिल्लो आदेश बदर गरीपाउँ भनेर रवि पत्नी निकिताले निवेदन दर्ता गराएको सूचना अधिकारी रामबहादुर कुँवरले जानकारी दिए ।

लामिछानेले आफू सहकारी ठगीमा संलग्न नभएको जिकिर गर्दै बचतकर्ताको बचत फिर्ताको सुनिश्चित आफूबाटै गर्न चाहेको तर्क गर्दै आफ्नो भागको बिगो बराबरको जमानत लिएर रिहा गर्न माग गर्दै जिल्ला अदालत रूपन्देहीमा यही साउन १९ गते सोमबार निवेदन दिएका थिए । लामिछानेले आफ्नो भागको ठगी रकमको बिगो बापतको २ करोड ७४ लाख ८४ हजार रुपैयाँको बैंक जमानत पनि साउन १९ गते निवेदनसँगै दाखिला गरेका थिए । बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा गत चैत २२ गते उच्च अदालत तुलसीपुरको बुटवल इजलासले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

उच्च अदालतको आदेशलाई सर्वोच्च अदालतले पनि सदर गरेको थियो । लामिछाने पत्नी निकिता पौडेलले श्रीमानलाई बिगो रकम लिएर जेलबाहिरबाटै मुद्दा लड्ने सुविधान उपलब्ध गराउन माग गरेकी छिन् । सोमबार उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा रिट निवेदन दर्ता गरेको जानकारी दिँदै उनले यस्तो बताएकी हुन् । उनले आफू संविधान र कानुनले अनुमति दिएका देशभित्र र बाहिरका सबै न्यायका ढोका ढकढक्याउने बताएकी छिन् ।

» बाँकी ३ पेजमा

## लुम्बिनी प्रदेश राजधानीको जग्गा शर्तसहित फुकुवाको निर्णय



दाङ । लुम्बिनी प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले १२ वटा निर्णय गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा सोमबार दिउँसो मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकले प्रदेशको राजधानी क्षेत्र राप्ती गाउँपालिका, गढवा गाउँपालिका र अर्घाखाँचीको शीतगंगा नगरपालिकामा रोक्का राखिएका निजी जग्गा स्थानीयको माग र पूर्वाधार विकास प्राधिकरणको सिफारिसअनुसार शर्तसहित फुकुवाकालागि संघीय सरकार समक्ष सिफारिस गर्ने निर्णय गरेको छ । निर्णय अनुसार राप्ती गाउँपालिकाका सम्पूर्ण वडा, गढवा गाउँपालिका वडा नं. १, २ र ३ मा १ कठ्ठाभन्दा सानो र शीतगंगा नगरपालिका वडा नं. ८ र ९ मा १ रोपनीभन्दा सानो क्षेत्रफलमा कित्ताकाट गर्न नपाइने निर्णय भएको सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दीनेश पन्थीले जानकारी दिए । साथै जग्गा खरिदकर्ताले एकीकरण आयोजनाका शर्तहरू पालना गर्ने गरी सहमति पत्रमा हस्ताक्षर गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रदेश राजधानी घोषणा अघि २०७७ साल असोज १६ गते सरकारले जग्गा रोक्का राख्ने निर्णय गरेको थियो ।

बैठकले तीन जना प्रदेश सचिवहरुको जिम्मेवारी तोकेको छ । मोतीराम सापकोटालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विनोद लामिछानेलाई युवा तथा खेलकुद मन्त्रालय र चुर्णबहादुर ओलीलाई उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी तोकिएको हो । प्रदेश निजामती सेवा पुरस्कार छनोटका लागि मापदण्ड स्वीकृत गरेको छ । यस्तै त्यस्तै संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन र आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासिकका लागि अस्थायी संगठन संरचना स्वीकृत गरिएको छ ।

बैठकले सञ्चार माध्यमसम्बन्धी ऐन संशोधन र एकीकरण गर्न अवधारणापत्र स्वीकृत गरेको छ ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# पर्वको मौलिकता जोगाऔँ

नेपाली समाजमा पर्वको याम सुरु भयो । हिन्दु नेपाली समाजमा साउने संक्रान्तिसँगै वर्षका महत्वपूर्ण चाड सुरु भएको मानिन्छ । तिज पर्व नेपाली समाजको मौलिक पर्व हो । हिमाल, पहाड र तराईमा विभिन्न जाति र समुदायले मनाउने यो पर्वले परिवार मिलन गराएको छ । परिवारमा स्नेहको वातावरण तयार गरेको छ । परिवारमा स्नेह, मेलमिलाप र हार्दिकता बढ्दा समाजलाई पनि सही बाटोमा लैजाने भएकाले तिजको महत्व स्वतः स्पष्ट हुन्छ ।

तिजमा विवाहपछि घर गएका छोरी र दिदीबहिनीलगायतलाई माइतीमा बोलाएर मिठो मसिनो खुवाउने र नाचगान गर्ने चलन छ । माइती आएका दिदीबहिनीहरु एक आपसमा बाबुआमा, दाजुभाइसहितका आफन्तसँग भेटघाट गरी दुःखसुख साटासाट गर्छन् । परिवार र टोल छिमेकका सदस्यहरु भेला भएर गाइने तिज गीतले सांस्कृतिक जागरण बढाएको छ । नेपालमा राजनैतिक आन्दोलनलाई जागृत गर्न र दिशाबोध गर्न तिज पर्वको महत्वपूर्ण भूमिका छ । राजनैतिक दलहरु प्रतिबन्धित रहेको बेला तत्कालीन शासकविरुद्ध महिलाले गीतमार्फत् आवाज उठाए । निरंकुश व्यवस्थाका बेला शासक र उनीहरुले संरक्षण गरेका व्यक्तिले गरेका अन्याय र अत्याचारविरुद्ध आवाज उठाउने सशक्त माध्यम तिज पर्व थियो । तिजमा महिलाले तत्कालीन शासकविरुद्ध गीतमार्फत् उठाएका आवाजले समाजमा राजनैतिक जागरण ल्याउन बल पुग्यो ।

सामाजिक र राजनैतिक आन्दोलनको अभिन्न अंग बनेको तिज पर्व पछिल्ला दिनमा भड्किलो बन्न थालेको छ । तिजको अघिल्लो दिनलाई दर खाने दिन मानिन्छ । शहरमा एक महिनादेखि दर खाने कार्यक्रमको बहानामा तडकभडक चल्न थालेको छ । यो तडकभडकको जालोमा पर्दा समाज बिथोलिएको छ । समाजमा तडकभडक बढ्दा धनी र गरिबबिचको खाडल बढेको छ । समाजमा सद्भाव बिथोलिने जोखिम छ । तिजको मौलिकता नासिदैं तडकभडकमा रम्दा पारिवारिक मिलापमा दरार पैदा गरेको छ । कुनैबेला राजनैतिक र सामाजिक रुपान्तरणका लागि महत्वपूर्ण योगदान गरेको पर्व अहिले भड्किलो बन्दा समाज खल्बलिएको छ । चाडपर्व मानव संस्कृतिका अभिन्न अंग हुन्, यी सामाजिकरणका माध्यम पनि हुन् । नयाँ पुस्ताका लागि समाज बुझ्ने माध्यम पनि हुन् । समाजका महत्वपूर्ण निधीलाई आर्थिक हैसियत दाज्ने साधन बनाउने होड चल्दा समाज सही दिशामा अघि बढ्न सक्तैन् । चाडपर्व सबैले मान्न सक्ने गरी मनाउनुपर्छ । तडकभडक बढ्दा त्यसले ल्याउने विकृतिको जालोमा सिंगो समाज पर्नु कदाचित राम्रो होइन् ।

स्वतन्त्रताको नाउमा सबै गर्न पाउनुपर्छ भन्ने उचित होइन् । तडकभडकलाई न्यूनीकरण गर्ने काम तहगत सरकारको हो । तहगत सरकारले समन्वय गरी चाडपर्वलाई अनावश्यक भड्किलो नबनाउनका लागि पहल गर्न सक्छन् । हुँदा खाने र हुनेखाने सबैले चाडपर्व मान्न सक्ने बनाउन नेतृत्व लिनसक्छन् । त्यसो हुँदा तिज पर्वको मौलिकता जोगिन बल पुग्न सक्छ । तिजको मौलिकता जोगिन सक्दा संस्कृतिको हस्तान्तरण सही हुनसक्छ ।

तीज पर्वको सबैमा शुभकामना !

## रमाइलो तिज पर्व :

# संस्कृतिलाई अग्रगामी बनाऔं



झपेन्द्र जिसी



**विषय प्रवेशः**

घुम्दै फिर्दै तिजै आयो नेपालीको आँगन ।
छोरी चेली आमा जगत् थाले नाचन !
विवाह गरी माइत छोडी घर गर्न गाका ।
२०८२ को तिजमा जम्मा भएका ।
हाम्री आमा नर्मादाको कति मीठो हात छ
त्यही हातले बनाएको चिल्लो भात छ ।
करेली र भेंडर्नीको कति मीठो अचार ।
यस्तो खाना कहाँ पाइनु र बजार बजार ।
पकाएको कति मीठो तामा बोडी तरकारी ।
भाग्यमानी हौं हामी संसारकै छोरी !!
सन्तुलित खानालाई दर खाने भनेका
यस्तै राम्रो परम्परा हाम्रा बनेका ।

**दर भनेको के हो ? वास्तवमा दर भनेको सबै कुरा मिलाएर खानेसित सम्बन्धित छ ।**

अरु दिन सबै तिउन, तरकारी, अचार, विचार मिलाएर खाने फुर्सद र क्षमता समेत नेपालीमा थिएन । अरु दिन दर मिलाएर खाने फुर्सद र क्षमता नभए पनि यस दिन किसिम किसिमका तरकारी, अचार, ध्यू हालेको भात खाने प्रचलन छ ।

यस आलेखमा तिज पर्व संस्कृतिको छोटो प्रस्तुति गरिन्छ । तिज पर्व नेपाली नारी जगत् वा महिला जगत्को राष्ट्रिय पर्व हो । तराई क्षेत्रमा यसलाई जितिया पर्वको रुपमा नारीहरुले मनाउँदै छन् । यो पर्व भारतको जयपुर आदिमा तिज माताको रुपमा मनाइन्छ । यस अवसरमा त्यतातिर तिज माताको प्रतीक बनाएर रथमा राखी शहर परिक्रमा गराइन्छ । आफ्नै ढंग र शैलीमा नाचगान बजान हुन्छ ।

हाम्रो देश नेपालमा चेलीबेटीलाई यस पर्वमा अनिवार्य रुपमा निमन्त्रणा गरेर ल्याउने परम्परा छ । यस पर्वमा चेलीबेटीलाई माइत मावलीमा निमन्त्रणा नगरे चेलीबेटी गुनासो गर्दै धुरुधुरु रुन्छन् र त्यही रुवाईमा तिज गीत प्रस्फुटन हुन्छ । साथै माइतबाट बाबा, आमा, दाजुभाउजु आदि निमत्ता गर्न र लिन आउँदा घरकाले नपठाएमा त्यहाँ त झन् आँसुको गण्डकी नै बग्ने गर्दछ ।

वरिस दिनको तिजमा बाबा लिन आएका
पठाएन घरकाले रुन्छु धरर
अलि पर चौपारीमा बसे मेरा बाबा
घर (ससुराको) मन बुझाएर आम्ला बरिलै
वरिस दिनको तिजमा आमा लिन आएकी
साउने झरी झैं रुन्छ मेरो मन ।
अलि पर चौपारीमा बस मेरा आमा
सासु मन बुझाएर आम्ला बरिलै
वरिस दिनको तिजमा दाजी लिन आएका
पठाएनन् घरकाले रुन्छु धरर
अलि पर चौपारीमा बस मेरी दाजी
स्वामी मन बुझाएरर आम्ला बरिलै
वरिस दिनको तिजमा भैया लिन आएका
नपठाउँदा घरकाले रोएँ धरर ।
आफ्ना पनि छोरी छन् मन यस्तो पत्थर
माइत जान कसलाई हुन्न तिजैमा रहर ।

तिजमा छोरी लिन नआउँदा कस्तो विरह बिलौना गर्छन् । त्यो पनि गीतबाट ।

वरिस दिनको तिजमा दाजी लिन आएनन् ।
हर्दिया ठोकीठोकी रुन्छु बरिलै ।
बाबा भए आउने थिए करौनीका साथमा
क्रुपो शरीर छाता टेकी आफ्नै हातमा ।
वरिस दिनको तिजमा आमा लिन आएकी
पठाएन घरकाले रोएँ धरर ।
माइतीको गाई गोरु मात्र होइन
चेलीलाई कुकुर पनि प्यारो हुन्छ ।
गाउँघरमा खैरे कुकुर दौड्दा
माइतीको झझल्को आउँछ बरिलै
माली गाई र माले गोरु यताउता देखिंदा
माइतीकै झझल्को आउँछ बरिलै
कुनै मान्छे टोपी लाको देखेमा
आफ्नो बाबा आए झैं लाग्छ बरिलै ।

**कस्तो छ त यो पर्व संस्कृति**

भदौ महिनामा तीन दिनसम्म मनाइने यो पर्वलाई कहीं कहीं चार दिन पनि मनाउने गर्दछन् ।

**तिज पर्व संस्कृतिको मुख्य दिन प्रतिदा द्वितीया र पञ्चमी नै हुन् । के के गरिन्छ ?**

प्रतिदालाई एक भक्ति भन्ने पनि प्रचलन रही आएको छ । यस दिन चेलीबेटीले तीन प्रहर खाने गर्दछन् । चेलीबेटीको नाममा पुरुषहरुले पनि तीन प्रहर नै खाने गर्दछन् ।

तामा, बोडी आलुको तरकारी करेलीको अचार वा आलुको अचार बनाइएको हुन्छ । यी साधन उपलब्ध नहुनेले कर्कलाको अचार पनि बनाउँछन् । गाग्रोमा साँदेको काँक्रीको अचार हुन्छ ।

आज भोलि त मासुको परिकार पनि प्रचलनमा आएको छ । बिहान, दिउँसो २/३ बजे चिल्लो भात खाने, राति १२ बजेतिर खीर/ढकनी खाने प्रचलन छ ।

बिहानदेखि रातिसम्म टोल छिमेकका र मैतालु चेलीहरु जुटेर नाच्नु यसको विशेषता हो ।

नाच्नुले शारीरिक थेरापी वा व्यायाम भई खाना पचाउन पनि सहज हुन्छ भने अर्कोतर्फ मनोरञ्जन पनि हुन्छ ।

तिजका दिन निलहार बस्ने र शिवलायको दर्शन गर्ने प्रचलन छ । यो बेला गीत गान उधुम ढंगले हुन्छ ।

**केही गीतहरूः**

आउना पर्वता हो
शिवजीको दर्शन गर्न ८/१० पटक
महादेवले पासा हाने
तिनै काना पऱ्यो है आजै दिनमा ८/१० पटक
पर्वताले पासा हानिन सत्रै सत्रै पऱ्यो है आजै दिनमा ८/१०

तीजका दिनः शिवालय दर्शन, देवालय दर्शन गर्ने उपवास बस्ने गर्छन् कसै कसैले फलाहार पनि गर्दछन् ।

पञ्चमीका दिन-यसलाई ऋषि पञ्चमी भनिन्छ । यस दिन अँधेरै पँधेरामा गएर स्नान गर्ने, अपमार्ग टोक्ने र फर्केर आई ऋषि पञ्चमी पूजनमा महिलाहरु जुट्दछन् । पूजा समापनपछि पुनः गीतगान चल्छ ।

सातै भाइ सप्त रिखि चले बनिवास ।
एकु बाहिनी रुन्धता लागिन् पछ्याउन्
जनी पछ्याऊ जनी पछ्याऊ रुन्धता बहिनी
सिरै लाउने सिरफूल ल्याइदिम्ला ।
शिरै ल्याउने रिफूल करिमाले पाम्ला
उदरको दाजुभाइ कहाँ पाम्ला ।

ऋषि पञ्चमी ब्रतकथा वा हरितालिका ब्रत कथाबारे कही सहमति अहमति । विस्तृत कथा देवी भागवतमा छ । यहाँ छोटकरीमा बताइन्छ । विस्तृत बनाउन पाए रोचक हुने थियो, त्यतातिर नलागौं ।

कथाको सारः स्वर्गका राजा इन्द्रले गुरु बृहस्पतिको सल्लाह बमोजिम स्वर्ग, पृथ्वी र पाताल तिनै लोकमा विजयी भएछन् । विजयश्री प्राप्त गर्ने चक्रवती महाराजले राजसूय महायज्ञ गर्नु पर्ने परम्परा रहेछ । राजसूय महायज्ञमा डाकिए पछि गुरु बृहस्पति महायज्ञ गराउन आएछन् ।

भनिन्छ, देवराज इन्द्रले व्यस्तताका कारण गुरु बृहस्पतिलाई स्वागत, सत्कार र साष्टाङ्ग दण्डवत् गर्न भुलेछन् । यो जाबो राजा त मैले सरसल्लाह दिएर युद्धमा त्रिलोकमा विजय भयो । तर आज यो मेरो महाअपमान ! भन्ने सोचेर उनी कसैलाई कुनै प्रकारको सूचना संकेत नगरी त्यहाँबाट हिंडेर गुप्तबास गएछन् । गुरुको चारै चौरा खोज तलास त भयो तर पाउन सकेनन् । गुरुको अभावले भौंतारिएका इन्द्र ब्रह्मदेवका पुगेछन् । ब्रह्माले यो विषयमा चिन्तित हुन पर्दैन । जाऊ त्वष्टा ऋषिका छोरा महाविद्वान् विश्वरुप पण्डित बोलाएर महायज्ञ गर ।

देवराज इन्द्रले पण्डित विश्वरुपलाई बोलाएर राज सूययज्ञको श्रीगणेश गरे । महा यज्ञ चल्दै गर्दा इन्द्रलाई शंका भयो । यो पण्डित दीति अर्थात् दैत्यको सन्तान हो । हामी त अदिति अर्थात् आदित्यको सन्तान हौं । यसले अदिति कूल स्वाहा भन्न के बेर ! यसो गऱ्यो भने त वित्यासै पर्छ भन्ने सोचेर देवराज इन्द्रले विश्वरुप पण्डितलाई दुई टुक्रा पारिदिए । ब्राह्मण हत्या गरेपछि मलाई ब्रह्महत्या पाप लाग्यो भनी एक वर्षसम्म इन्द्र दिनको भोक न रातको निद भएछन् । उपायको खोजीमा उनै ब्रह्मदेवसँग गुहार माग्दा ब्रह्माले चिन्तित नहोऊ, मैले ठीक गर्छु भन्दै ब्रह्माले अपराध वा पापलाई चार भागमा बाँडे भनी टानेमाने गरेछन् ।

उनले भनेछन्- एक भाग पाप अग्निमा हालिदिए स्वाहा, एक भाग पाप नबग्ने रहमा हालें स्वाहा, एक भाग पाप बोटविरुवा नउम्रने मरुभूमिमा हाले स्वाहा । र ,अन्तिम भाग पाप महिलाको रजमा हाले-स्वाहा ।

यसो भएपछि हरेक महिलाले मासिक रज (छाउ) हुँदा कडाइका साथ बार्नु पर्छ । अन्यथा उनीहरु चौरासी हजार जुनीसम्म कुकुर्नी, सुंगुर्नी, ढोंडेकीरा, जुम्रा, माखा आदि बन्नुपर्छ, दुलाहरु र सन्तानहरु अल्पायुमै मर्नेछन् ।

प्रिय मित्रहरु ! हिन्दू भनिएका धर्म र धर्म ग्रन्थमा यस्तै जंजाल छ । ब्रह्मा र इन्द्र, ब्रह्म सबैले ढाँटछल गरेको कथा छ ।

मान्ने नमान्ने वा बहिष्कार गर्ने तपाईं नारी दिदीबहिनीहरुको कुरा हो ।

**निचोडः**

ऋषिहरुको योगदान विषयक चर्चा गर्दा राम्रै होला । तर रमाइलो तिज पर्वको बेला नारीलाई बन्धनमा पार्ने गरी यस खालका जालझेल गर्नु औचित्य हुन्छ र ? यस्तो शुभ अवसरमा त नेपाली नारीहरु नाचगान गर्दै अग्रगमनको यात्रामा लाग्नु वेश होला ।

## नेप्से परिसूचक २१ अङ्कले बढ्यो



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार २१ दशमलव ३० अङ्कले बढेर दुई हजार ७६१ दशमलव २६ को बिन्दुमा कायम भएको छ । परिसूचक शून्य दशमलव ७७ प्रतिशतले बढेको हो ।

३१७ कम्पनीको एक करोड आठ लाख ७७ हजार ९४२ कित्ता शेयर ५७ हजार १५७ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ७५ करोड ३२ लाख १९ हजार ६५२ दशमलव ७८ को कारोबार भएको छ ।

उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव शून्य पाँच र म्युचुअफ फण्ड समूह शून्य दशमलव ३४ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

बैंकिङ शून्य दशमलव ५८, विकास बैंक शून्य दशमलव ९५, वित्त शून्य दशमलव २०, होटल तथा पर्यटन शून्य दशमलव ४५, जलविद्युत् शून्य दशमलव ३२, लगानी शून्य दशमलव ३४, र जीवन बिमा समूह शून्य दशमलव ५६ प्रतिशतले बढेको छ । त्यस्तै, लघुवित्त एक दशमलव ५०, निर्जीवन बिमा शून्य दशमलव ३१, व्यापार शून्य दशमलव शून्य पाँच र अन्य समूह दुई दशमलव ७९ प्रतिशतले बढेको छ ।

कारोबारमा नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी आरबिबी म्युचुअल फण्ड-१ को शेयर मूल्य तीन दशमलव ८७ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु ७६ करोड ९६ लाख ७७ हजार ९५१ बराबरको शेयर किनबेच भएको छ । त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा भने सिटिजन्स सुपर ३० म्युचुअल फण्डको सबैभन्दा बढी पाँच लाख ३७ हजार ५५० कित्ता शेयर किनबेच भएको छ ।

## नारीको वेदना पोख्ने ठाउँः

# पहिला तिज अहिले सञ्जाल



तिलक सुवेदी



हरितालिका तिज नेपाली समाजको सांस्कृतिक र धार्मिक धरोहरको महत्वपूर्ण हुनुपर्ने हो । यो पर्वले पारिवारिक समर्पण, पतिपरायणता र धार्मिक आस्थाको मूल्यलाई सम्मान गर्नु पर्ने हो । नारीका वेदनाका कुरा गीतमार्फत् सुन्न र सुनाउन पर्ने हो तर अहिले यत्रतत्र सवत्र दिनकै वेदना पोखेको हेर्न र सुन्न पाइन्छ, सञ्जालमा । कति नारीहरूले सञ्जालमा वेदना पोखेकै भरमा न्याय पनि पाएका छन् । कति त घर न घाटका बनेका थुप्रै उदारण छन्, अहिलेको समकालीन समाजमा ।

पर्वलाई अघिल्लो पुस्ताको संरक्षणमा अहिलेको पुस्ताले भड्कीलो र खर्चिलो बनाउँदै गएका छन् ।

कुनै बेला तिजमा वर्ष भरी भएका घटनालाइ पोख्न समय कुर्न पर्थ्यो अथवा तिज कुर्न पर्थ्यो अहिले भने सञ्जालले त्यो समयलाई कुर्न नपर्ने त बनाएको छ, तर महिलाको अस्थित्व गुमाइको छ ।

हिजोआज तिजको परिभाषा लगभग बदलिएको छ । माइतीको आँगनमा बाबुआमा, दाजुभाइ र दिदीबहिनी जम्मा भएर मनाइने हरितालिका तिज अहिले होटल र पार्टी प्यालेसमा पुगेको छ । व्रत र पूजाआजा गरी भाद्र शुक्ल द्वितीयदेखि पञ्चमीसम्म मनाइने हरितालिका तिज आजभोलि दरका नाममा महिनैभरी मनाउन थालिएको छ ।

व्रत र पूजाको स्थान भोजभतेरले लिएको छ । शृंगारको नाममा गरगहना र वस्त्रको प्रदर्शन, गीतको नाममा उच्श्रृखंलता र नाचको नाममा अंग प्रदर्शन एवं अश्लीलताको प्रदर्शन बढिरहेको छ । त्यसैगरी आजभोलिका कतिपय तिज गीत र नाचगान त घरपरिवारमा बसेर हेर्न र सुन्न सकिने खालका पनि छैनन् । यसले षुरूष प्रधान देशमा महिलाले पाएको अस्तित्व गुम्दै गएको छ । यस प्रकारको विकृतिले हरितालिका तिज पर्वको मर्ममाथि गम्भीर आघात पुऱ्याएको छ भने नयाँ पुस्तामाझ तिज पर्वको गलत सन्देश प्रवाह भइरहेको छ ।

कुनै पनि चाडपर्वको आफ्नै विशेषता, मूल्यमान्यता र पहिचान हुन्छ । चाडपर्वको आफ्नो विशेषता, मूल्य र मान्यता अनुसार त्यसको संरक्षण गर्नु, जगेर्ना गर्नु र त्यसलाई निरन्तरता दिनु संस्कृति हो भने त्यसको मूल्य, मान्यात, आदर्श, पहिचान र विशेषताको प्रतिकूल हुने कार्यहरू गर्नु विकृति हो । अहिले यो पवित्र पर्व हरितालिका तिज विकृतिको शिकार बनेको छ ।

यस्ता विकृतिले हाम्रो संस्कार र संस्कृतिका मूल्य एवं मान्यतालाई दिग्भ्रमित गर्ने र समग्र समाजलाई नै दूषित बनाउने हुनाले यस खालका विकृति र विसंगतिलाई हटाई हाम्रो संस्कार, संस्कृति, रीतिरिवाज र चाडपर्वलाई मौलिक एवं स्वच्छ र स्वस्थ राख्न जरुरी छ । वेदना पोख्ने थलो सञ्जाल बनाउँदा हाम्रा सन्ततिलाई दिने भनेकै हामीसँग भएको संस्कार, संस्कृति, रीतिरिवाज र चालचलन हो । त्यो पनि दिन सकि रहेका छैनौंकी ? अन्य सबै कुरा त मानिससँगै मेटिएर जाने हो । धार्मिक, सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक महत्व, अर्थ र विशेषता भएका यस्ता पर्वहरूको मर्म, भावना र उद्देश्य अनुरूप सभ्य तथा सुसंस्कृत ढंगले चाडपर्वहरू मनाउनु र धर्म एवं संस्कृतिको संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो । त्यसैले समयमै सोंचौ । सञ्जालमा वेदना नपोखौं सान्त्वनाभन्दा मजाक लिनेको कमी छैन समकालीन समाजमा ।

# अकबरेबाटै लाखौं आम्दानी

पाल्पा । रिब्दीकोट गाउँपालिका-२ देउरालीकी सावित्रा पौडेल यस वर्ष अकबरे खुर्सानीबाट रु पाँच लाख बढी आम्दानी गर्ने योजनामा छिन् । वन्यजन्तुले हैरान पारेपछि वैकल्पिक खेतीका रुपमा अकबरेको खेती थालेकी उनले भदौको पहिलो सातासम्म रु ६६ हजारको ३०० केजी खुर्सानी बिक्री गरिसकेकी छिन् । अझै रु चार लाख ५० हजारको अकबरे फलेको उनको अनुमान छ ।

उनले पाँच रोपनी क्षेत्रफलमा अकबरे खुर्सानी लगाएकी छिन् । उनलाई श्रीमान सन्दीप पौडेलले समेत साथ दिँदै आएका छन् । पौडेलले भनिन्-"मेरो श्रीमान तीन वर्ष मलेसिया र डेढ वर्ष दुबईमा बसेर गाउँमै केही गर्नुपर्छ भनेर आउनुभयो, अहिले दुवै जना मिलेर खुर्सानी खेती गर्दै आएका छौँ ।" उनले आफूहरुलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (जोन) मार्फत् कृषि सामग्रीसँगै प्रविधि सहयोग भएको र बजारीकरणका लागि सहकारीबाट ठूलो सहयोग मिलेको बताइन् ।

देउरालीकै बाबुराम अधिकारीले पनि तीन वर्षदेखि कृषि व्यवसायी गर्दै आएका छन् । उनले यस वर्ष भदौको पहिलो सातासम्ममा रु ८८ हजारको चार क्विन्टल खुर्सानी बिक्री गरिसकेका छन् । लामो समय भारत बसेर फर्किएका अधिकारीले गत वर्ष कृषि उपजबाटै रु पाँच लाख आम्दानी गर्न सफल भएका थिए । यस वर्ष खुर्सानी बिक्रीबाट रु पाँच लाख बढी आम्दानी गर्ने योजना रहेको उनको भनाइ छ ।

मिहेनत गरे गाउँमै वार्षिक पाँच/सात लाख रुपैयाँ कमाउन सकिने अधिकारीले बताए । उनले भने-"पैसा कमाउनकै लागि विदेश नै जानु पर्दैन । मैले पनि भारतमा लामो समय बिताएँ, त्यहाँ वर्षमा दुई लाख जति कमाई भए पनि खासै बचत हुँदैनथ्यो । तर अहिले घरमै बसेर वार्षिक रु चार/पाँच लाख सजिलै कमाइरहेको छु ।" उनले अघिल्लो दुई वर्षभन्दा डेढ गुणाले भाउ आएको बताए । "भाउ पाइएको मात्र छैन, बिक्री गर्नसमेत सहज भएको छ," उनले भने-"भाउ पहिल्यै निर्धारण भएकाले पनि बिक्री गर्न सजिलो भएको छ ।"

देउरालीकै सुनिल विकले पनि विगत तीन वर्षदेखि खुर्सानी खेती गर्दै आएका छन् । उनले गत वर्ष रु पाँच लाखको खुर्सानी बिक्री गरेको बताए । विकले यस वर्ष चार लाखको खुर्सानी बिक्री गर्ने लक्ष्य लिएका छन् । उनले अहिलेसम्म दुई लाखको खुर्सानी बिक्री गरिसकेको बताए । पौडेल, अधिकारी र विक मात्र होइन, यस वडाका ९७ कृषकले अकबरे खुर्सानीबाट राम्रो आम्दानी गरिरहेका छन् ।

यस वडाबाट दुई महिनामा नौ लाख ८० हजार बढीको अकबरे खुर्सानी निकासी भएको छ । साउन र भदौ महिनाको पहिलो हप्तासम्ममा चार हजार ४५७ केजी अर्थात् (४४ क्विन्टल ५७ केजी) खुर्सानी निकासी भएको हो । यहाँका किसानले उत्पादन गरेको खुर्सानी देवीस्थान बहुउद्देश्यीय सहकारी संस्थाले सङ्कलन गरी उक्त परिमाणमा खुर्सानी बाहिर पठाएको छ ।

साउन महिनामा यहाँका किसानले तीन हजार ३९० केजी र भदौ महिनाको पहिलो साता एक हजार ६७ केजी अकबरे उत्पादन गरेका छन् । उक्त उत्पादित खुर्सानी बाहिर निकासी गरिसकिएको सहकारीका व्यवस्थापक खिमबहादुर घर्तीले बताए । उनका अनुसार यो वर्ष ५०० क्विन्टल खुर्सानी निकासी गर्ने लक्ष्य राखिएको छ । यसअघि हार्थोक सङ्कलन केन्द्रबाट अकबरे निकासी हुँदै आए पनि गत वर्षदेखि किसानले यही सहकारीमार्फत् बिक्री गर्दै आएका छन् । यहाँ गत वर्ष तीन हजार ४०० किलो खुर्सानी निकासी गरिएको सहकारीका व्यवस्थापक घर्तीले बताए ।

जोनले खुर्सानी खेतीका लागि अनुदान, बिउ वितरण, प्लास्टिक टनेल, सिँचाइका लागि पाइप वितरण, पोखरी निर्माण र प्राविधिक सहयोग गर्दै आएको र सहकारीले उत्पादनको बजारीकरण गरिदिएपछि यहाँका किसानहरु अकबरे खुर्सानीतर्फ आकर्षित भएका हुन् । खुर्सानीबाट यहाँका किसानले एक लाखदेखि १० लाख रुपैयाँसम्म आम्दानी गर्न सफल भएका छन् ।

जोनले चाक्लबन्दी खुर्सानी खेतीका लागि यहाँका किसानलाई अनुदानमा कृषि सामग्रीहरु उपलब्ध गराउँदै आएको छ । किसानलाई खुर्सानीमा आत्मनिर्भर बनाई आर्थिक रुपमा सक्षम बनाउने उद्देश्यले नौ लाख ९९ हजार ७७७ रुपैयाँ अनुदान उपलब्ध गराइएको कार्यालयका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत गणेशप्रसाद यादवले जनाए । उनले भने-"किसानलाई प्रोत्साहन गरेर सुरुआत गरेको अकबरे अहिले व्यावसायिक बनेको छ । यहाँका कृषकहरुले उत्साहजनक रुपमा खुर्सानी उत्पादन गर्दै आएका छन् ।"

